email:raptizonalhospital@gmail.com

फोन नं.: ०८२-५२०५१६

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# राप्ती प्रादेशिक अस्पताल

तुलसीपुर, दाङ

प.स.- २०८२।०८३

च.नः-

## सूचना प्रविधि विज्ञ (IT Expert/Assistant) - पाँचौ तह को कार्य विवरण (ToR)

१. पदको विवरण:

- पद: सूचना प्रविधि विज्ञ (आई.टि. विज्ञ)
- तह: पाँचौ (सहायक स्तर)
- कार्यस्थल: राप्ती प्रादेशिक अस्पताल, तुलसीपुर।
- सेवाको प्रकार: करार सेवा (पहिलो पटक २०८३ आषाढ मसान्तसम्म, त्यसपछि कार्यसम्पादन मुल्यांकन र अस्पतालको आवश्यकताको आधारमा ६/६ महिना म्याद थप गर्न सकिने)

२. न्यूनतम योग्यता:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान, सूचना प्रविधि (IT) वा सो सरहको विषयमा प्रमाणपत्र तह (Diploma/10+2) उत्तीर्ण।
- नेपाली र अंग्रेजी टाइपिङमा दक्षता भएको।
- सरकारी सफ्टवेयरहरू (विशेष गरी GiOMS) र नेटवर्किङमा आधारभूत तालिम, ई-हाजिरी, वेवसाईट अपडेट, अनलाईन प्रतिवेदनमा अनुभव भएको।
- १८ बर्ष पूरा भई ४५ वर्ष नपुगेको, नेपाली नागरिक।

३. मुख्य उद्देश्य:

- अस्पतालको प्रशासनिक कार्यमा डिजिटल सहयोग पुऱ्याउनु, सरकारी अनलाइन प्रणालीहरू सञ्चालन गर्नु र अस्पतालभित्रको सूचना प्रविधि पूर्वाधार (हार्डवेयर र नेटवर्क), वेवसाईट, अनलाईन सुचना प्रणालीलाई चुस्त राखु।

४. मुख्य कार्यहरु तथा जिम्मेवारीहरू:

क) प्रशासनिक तथा टाइपिङ कार्य:

- अस्पतालका आधिकारिक पत्रहरू, प्रतिवेदनहरू र टिप्पणीहरू नेपाली र अंग्रेजी भाषामा टाइपिङ गर्ने।
- प्रशासनिक शाखाहरूलाई आवश्यक पर्ने डाटा इन्ट्री र डकुमेन्टेसनमा सहयोग गर्ने।
- अस्पतालका सूचना, सूचनाको हक सम्बन्धी विवरण र अन्य सार्वजनिक सूचनाहरू डिजिटल माध्यमका लागि तयार गर्ने।

ख) सफ्टवेयर तथा GiOMS सञ्चालन:

- GiOMS सञ्चालन: सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GiOMS) मार्फत चिठीपत्रको दर्ता, चलानी, र टिप्पणी उठाउने कार्यमा प्राविधिक सहजीकरण गर्ने।
- HMIS/EMR: अस्पताल व्यवस्थापन सूचना प्रणाली (HMIS) सञ्चालनमा आइपर्ने समस्या समाधान गर्ने।
- विद्युतीय हाजिरी: कर्मचारीहरूको ई-हाजिरी प्रणाली (e-Attendance) व्यवस्थापन गर्ने र मासिक हाजिरी रिपोर्ट तयार गर्ने।
- सफ्टवेयर अपडेट: अस्पतालमा प्रयोग हुने विभिन्न सफ्टवेयरहरुको नियमित अपडेट र ब्याकअप सुनिश्चित गर्ने।

ग) नेटवर्किङ व्यवस्थापन:

- अस्पतालभित्रको लोकल एरिया नेटवर्क (LAN) र इन्टरनेट सेवाको नियमित अनुगमन र मर्मत गर्ने।
- राउटर, स्विच, र वाइफाई एक्सेस प्वाइन्टहरुको कन्फिगरेसन र सुरक्षा व्यवस्थापन गर्ने।

डा. मोहम्मद नुरुल होदा

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ती प्रादेशिक अस्पताल
तुलसीपुर, दाङ
email:raptizonalhospital@gmail.com
फोन नं.: ०८२-५२०५१६

प.सः- २०८२।०८३
च.नः-

- विभिन्न विभागहरूमा इन्टरनेट कनेक्टिभिटी सुनिश्चित गर्ने।

घ) हार्डवेयर मर्मत तथा व्यवस्थापन:

- कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर र फोटोकपी मेसिनहरूको सामान्य मर्मत सम्भार (Basic Troubleshooting) गर्ने।
- टोनर रिफिलिङ, कागज जाम हुने समस्या समाधान र पेरिफेरल डिभाइसहरूको जडान गर्ने।
- अस्पतालका सीसीटीभी (CCTV) क्यामराहरूको नियमित निरीक्षण र सञ्चालनमा सहयोग गर्ने।

ङ) अन्य जिम्मेवारी:

- अस्पतालको वेबसाइट र सामाजिक सञ्जाल पेजहरू अपडेट राख्ने।
- अस्पतालले आयोजना गर्ने कार्यक्रमहरूमा प्राविधिक (Audio-Visual) सहयोग पुऱ्याउने।
- कार्यालय प्रमुख वा प्रशासनिक प्रमुखले तोकेका सूचना प्रविधिसँग सम्बन्धित अन्य कार्यहरू गर्ने।

५. कार्य समय:

- अस्पतालले तोकेको कार्यालय समय (Shift वा Regular)। आवश्यकता परेको खण्डमा कार्यालय समय बाहेक पनि प्राविधिक सहयोगका लागि उपलब्ध हुनुपर्नेछ।

६. सेवा सुविधा र पारिश्रमिक:

- लुम्बिनी प्रदेश सरकारको प्रचलित नियम र अस्पतालको निर्णय बमोजिम (पाँचौ तहको सुरु तलब स्केल र उपलब्ध हुने अन्य भत्ताहरू)।

७. रिपोर्टिङ:

- आफुले गरेका कार्यहरूको विवरण दैनिक रुपमा प्रशासनिक प्रमुख वा कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्नेछ।

८. आचारसंहिता र सर्तहरू:

- अस्पतालको गोपनीयता कायम राख्नुपर्नेछ।
- करार सम्झौतामा उल्लेखित अन्य सर्तहरू पालना गर्नुपर्नेछ।

डा. मोहम्मद नुरुल होदा
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट